निर्णय नं १

यस लमजुङ जिल्लाको प्रदेश सभा निर्वाचन क्षेत्र (ख) बाट प्रदेश सभा सदस्यमा प्रत्यक्ष निर्वाचित हुनु भई ४ नं प्रदेश सभामा प्रतिनिधित्व गर्नु हुने माननीय प्रदेश सभा सदस्य श्री पृथ्वी सुब्बा गुरुङ ज्यू मिति २०७४/१०/२८ गतेको ने. क. पा. एमाले प्रदेश सभाका सदस्य हरुको संसदीय दलको बैठक बाट निर्विरोध रुपमा संसदीय दलको नेतामा निर्वाचित हुनु भई आजै ४ नं प्रदेशको मुख्य मन्त्रीमा नियुक्ती हुनु भएको हुँदा आजको यो बैठक अत्यन्त खुशी ब्यक्त गर्दै उहाँलाई हार्दिक बधाईका साथ सफल कार्यकालको शुभकामना ब्यक्त गर्दछ।

निर्णय नं २

यस सुन्दरबजार नगर कार्यपालिकाको मिति २०७४/०९/०९ गतेको बैठकको निर्णयानुसार यस आ. ब. ०७४/०७५ मा संचालन गर्न निर्णय भएको सालीमर्याङ खोला देखि क्याम्पस गेट सम्मको मोटरबाटो निर्माण सुधार(बजेटले भ्याएसम्मको स्थान सम्म) पिचको कार्य गर्ने योजनाको कार्यन्वयनको लागि वडा समितिको कार्यालय वडा नं ६ का वडा अध्यक्ष श्री रघुनाथ मिश्र ज्यू ले आजको बैठकमा ब्यक्त गर्नु भएको राय सुझाव एवम सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९८ समेतको ब्यवस्था अनुसार उक्त योजना ठेक्का ब्यवस्था बाट कार्यान्वयन गर्ने।

साथै उक्त कार्यलाई छिटो छरितो रुपमा गुणस्तर युक्त ढंगबाट सम्पन्न गर्न अनुगमन सुपरिबेक्षण र सहजीकरणका लागि निम्नानुसारको अनुगमन तथा सुपरिबेक्षण समिति गठन गर्ने निर्णय गरियो।

<u>तपशिल</u>

१) संयोजक श्री रघुनाथ मिश्र

२) सदस्य श्री ललित गुरुङ

३) सदस्य श्री जयराम रेग्मी

४) सदस्य श्री मोती प्रसाद गुरुङ

५) सदस्य श्री कृष्ण कान्त अधिकारी

DATE:

निर्णय नं ३

यस नगरपालिकाको नयाँ भवन निर्माण गर्नको लागि DPR तयारी गर्ने परामर्श दाता STRENGTH ENGINEERING COUNSULTANCY को तर्फ बाट श्री ईन्जिनियर जगन्नाथ अम्माई बाट भवनको DPR को प्रस्तुतिकरण भयो । उक्त DPR लाई स्वीकृत गरि सो बमोजिमको GROUND FLOOR देखि पहिलो तला सम्मको भवन निर्माण गर्न ठेक्काको कार्य प्रकृया (ल.ई. तयारी विडिङ डकुमेण्ट EBIDDING आदी) व्यवस्था अविलम्ब गर्नका लागि आवश्यक पर्ने प्राविधिक काम अगाडी बढाउन नगरपालिका प्राविधिक शाखाका प्रमुख ईन्जिनियर श्री जीवन थापा लाई निर्देशन दिने निर्णय गरियो । साथै उक्त कार्यका लागि गर्नु पर्ने खर्च आयोजना व्यवस्थापन खर्च(कन्टेन्जेन्सी) बाट व्ययभार गर्ने निर्णय गरियो ।

निर्णय नं ४

आजको बैठकमा निम्न कार्यालय, संघ संस्था बाट निम्नानुसारको विषय प्रस्तुती गरी बैठकमा उपस्थित सदस्य ज्यू हरुलाई जानकारी गराईयो ।

| सि. नं | संघ संस्था | प्रस्तुत कर्ता | विषय |
|---|---|---|---|
| १ | चेस नेपाल | श्री राज कुमार पाण्डे | PAF को बर्हिगमन विधि बारेमा । |
| २ | सुन्दरबजार उद्योग वाणिज्य संघ ईकाई | श्री खेम गुरुङ | आठौं सुन्दरबजार महोत्सब । |
| ३ | राष्ट्रिय पूनः निर्माण प्राधिकरण शाखा | श्री भेषराज लम्साल | दोश्रो र तेस्रो किस्ताको अनुदानको प्रकृया। |
| ४ | LGCDP CLUSTER पोखरा | श्री गौरी प्रसाद शाह | नगरपालिकाको संस्थागत विकासमा LGCDP ले गर्ने कार्यक्रम बारे । |
| ५ | सुहारा कार्यक्रम | श्री कृष्ण पौडेल<br>श्री राजेन्द्र बोहोरा<br>स्रोत व्यक्ति । | पोषण सम्बन्धि नगर स्तरिय पोषण समिति गठन र काम कर्तब्यको बारेमा । |